# न्यायकर्ता ६





र फेरि इस्राएलीहरूले खराबी गरे र परमप्रभुतर्फ पिठ्यूँ फर्काए ।
र यसैकारण उहाँले उनीहरूलाई सात वर्षसम्म मिद्यानीहरूको हातमा सुम्पिदिनुभयो ।
तर यसपल्ट उत्पीडन यति नराम्रो भयो कि इस्राएलीहरू गुफाहरूमा लुक्नुपर्‍यो र पहाडहरूहुँदो ओडारहरू र गढहरू बनाउनुपर्‍यो ।
जब मिद्यानीहरू र तिनीहरूका मित्रदेशहरू इस्राएलमा आउँथे, तब तिनीहरूले एउटै जीवित थोक पनि बाँकी छोड्दैनथे, न कुनै भेँडा, गोरु वा गधा ।
यसले इस्राएलीहरूलाई यति कङ्गाल बनाइदियो कि तिनीहरूले छुटकाराको लागि परमेश्वरलाई पुकारा गरे ।
र परमेश्वरले एउटा भविष्यवक्ता पठाउनुभएर यसको उत्तर दिनुभयो ।
मैले तिमीहरूलाई मिश्रदेखि अनि तिमीहरूका उत्पीडकहरूको हातदेखि छुटाएर ल्याएँ, तर तिमीहरूले मेरो कुरा सुनेनौ ।
यस देशका देवताहरूलाई नपूज भनेर मैले तिमीहरू भनेको थिएँ तर तिमीहरूले सुनेनौ ।


र परमेश्वरले आफ्ना मानिसहरूको क्रन्दन सुन्नुभयो ।
हे शूरवीर योद्धा, परमप्रभु तिम्रो साथमा हुनुहुन्छ,
यदि परमप्रभु हामीसित हुनुहुन्छ भने किन हामीमाथि यो सबै आइपरेको त ? हाम्रा पितापुर्खाहरूले हामीलाई बताएका अचम्मका कामहरू कहाँ गए ? अहिले हामी त्यागिएर मिद्यानीहरूको अधीनमा सुम्पिएका छौँ ।
तिम्रो यही शक्तिमा जाऊ र मिद्यानीको हातदेखि इस्राएललाई बचाऊ ।
तर कसरी ? मेरो गोत्र मेरो जातिमा सबैभन्दा कमजोर छ र म मेरो घरानामा सबैभन्दा सानो छु
म तँसित रहनेछु र तैंले मिद्यानीहरूलाई

न्यायकर्ता ६:१–१६




न्यायकर्ताहरू ६:१७–२४




न्यायकर्ता ६:२५-२९


तिम्रो
छोरालाई बाहिर ल्याऊ र
त्यो मरोस् किनभने त्यसले बालको वे
दी भत्काएको छ र अशेराको खाँबो
काटेर ढालेको छ ।
के
तपाईंहरू
बालको मुद्दा
लड्नुहुन्छ ?
यदि बाल ईश्वर हुन् भने कसै
ले उसको वेदी भत्काउँदा ऊ आफ्नो लागि
आफै बोलोस्
त्यस दिनदेखि तिनीहरूले गिदोनको नाउँ "यरुब्बाल" राखे
जसको अर्थ हुन्छ, "यस मानिसको विरुद्धमा बाल आफैं
लडोस्"
तर इस्राएलीहरू साह्रै डराए ।
मिद्यानीहरू अमालेकीहरू र पूर्वका मानिसहरूको
साथमा त्यस देशलाई फेरि आक्रमण गर्न यर्दन पार
गरे ।




न्यायकर्ता ६:३६–४०





न्यायकर्ताहरू ७: १-३




न्यायकर्ताहरू ७:४–८


उठ र तल मिद्यानीको छाउनीमाथि आक्रमण गर् किनकि मैले त्यो तेरो हातमा सुम्( पदिएको छु ।
यदि तँलाई आक्रमण गर्न डर लाग्यो भने तेरो सेवक पूराहलाई लिएर छाउनीमा झर् र तिनीहरूले के भन्दा रहेछन्, सुन् ।
मैले एउटा सपना देखेँ, जौको एउटा रोटी गुड्दै मिद्यानको छाउनीभित्र पस्यो ।
यसले पाललाई यसरी धक्का दियो कि पाललाई पल्टाइदियो र पाल ढल्यो ।
त्यो गिदोनको तरवारबाहेक अरू केही होइन ।
परमेश्वरले मिद्यानीहरू र पूरै छाउनीलाई उनको हातमा दिनुभएको छ ।


साँच्चि नै हे सर्वोच्च परमेश्वर तपाईंले आफ्ना जनहरूलाई बिर्सिनुभएको छैन ।
इस्राएलका मानिसहरूको पक्षमा मैले गरेको प्रार्थना तपाईंले सुन्नुभएको छ ।
मलाई पछ्याऊ - झट्टै ।
उठ ! परमप्रभुले मिद्यानीको छाउनीलाई तिमीहरूको हातमा सुम्पिदिनुभएको छ ।

न्यायकर्ता ७:१५




न्यायकर्ता ७:१६–१९


परमप्रभुको निम्ति र गिद्योनको निम्ति तरवार ।


हरेक व्यक्ति आफ्नो ठाउँमै खडा होऊ।
ती तीन सय जनाले आ-आफ्नो तुरही फुक्दा, परमप्रभुले छाउनीका सबै मानिसहरूलाई बेस्सरी अत्याइदिनुभयो। अन्यौलग्रस्त भएर तिनीहरूले आफ्नै साथीको विरुद्धमा तरवार चलाउन लागे।
न्यायकर्ताहरू ७:१९-२२




न्यायकर्ताहरू ७:२२–८:५




न्यायकर्ताहरू ८:६-९



एक लाख बीस हजार तरवारधारीहरू मिद्यानी छाउनीमा अन्यौलतामा परेर मारिएका थिए।
'।तर मिद्यानी राजाहरू जेबह र सल्मुन्नाले सेनाबाट उब्रेका १५,००० जति मानिसहरूलाई फेरि संगठित गरेका थिए।
मिद्यानीहरू अहिलेसम्ममा त संगठित भइसके होलान्।
तिनीहरूलाई अत्याउन अब हामी नोबहको पूर्वतिर घुमन्तेहरू बस्ने बाटो जानेछौं।
अब, पनिएल र सक्को तका मानिसहरूले मलाई जवाफ दिनुपर्नेछ।




न्यायकर्ताहरू ८:१३-१७




न्यायकर्ताहरू ८:१८-२१





न्यायकर्ताहरू ८:२३-३५





न्यायकर्ताहरू ९:१–४




न्यायकर्ताहरू ९:१-५




न्यायकर्ताहरू ९:६-१५


अबिमेलेकलाई राजा बनाएर के तिमीहरूले सत्य र इमान्दार काम गरेका छौ ?
मेरा पिताले तिमीहरूको निम्ति लडाइँ गरे र आफ्नो प्राण खतरामा हालेर तिमीहरूलाई मिद्यानीहरूको हातबाट बचाए
तर आज तिमीहरू मेरा पिताका घरानाको विरुद्धमा खडा भएका छौ र तिनका सत्तरी जना छोराहरूलाई एउटै ढुङ्गामाथि काटेर मारेका छौ र तिनकी कमारीको छोरो अबिमेलेकलाई तिमीहरूको आफ्नो भाइको नाताले राजा बनाएका छौ ।
यदि तिमीहरूले मेरा बुबाप्रति सत्य र इमान्दार व्यवहार गरेका छौ भने तिमीहरू अबिमेलेकसँग खुशी होओ र ऊ पनि तिमीहरूसँग खुशी होस् ।
यदि होइन भने अबिमेलेकबाट आगो निस्कियोस् र तिमीहरूलाई भस्म पारोस् । तिमीहरूबाट पनि आगो निस्केर अबिमेलेकलाई भस्म पारोस् ।




न्यायकर्ताहरू ९:२२-२६




न्यायकर्ता ९:२७-३३




न्यायकर्ताहरू ९:३४-३८




न्यायकर्ताहरू ९:३९-४९




न्यायकर्ताहरू ९:४६–४९




न्यायकर्ताहरू ९:५०-५३




न्यायकर्ताहरू ९:५२–१०:५



न्यायकर्ताहरू १०:६-१३




न्यायकर्ता १०:१४–१८



इस्राएलीहरूको माझमा एक शूरवीर योद्धा थिए –गिलादी यिप्तह ।
उनी जवान छँदा उनलाई गिलाद सहरबाट निकाला गरिएको थियो ।
गिलाद उनका पिता भएतापनि उनकी आमा चाहिँ एक वेश्या थिइन् र उनका सौतेनी दाजुभाइहरूले उनलाई गिलाददेखि निकाली दिएका थिए ।
तँ ता वेश्याकी छोरो होस्, हाम्रो घरबाट निस्केर गइहाल् ।
हाम्रो पिताको घर मा तेरो कुनै हक छैन !
लडाइँ गर्दै हिँड्नमा सिपालु ये प्तहसित भरौटेहरूको एउटा सानो फौज थियो ।
गिलादका बुढप्रधानहरू यिप्तहलाई भेट्न आए ।
आउनुहोस्, अम्मोनीहरूको विरुद्धमा हाम्रो सेनालाई नेतृत्व गर्नुहोस् । तिनीहरूले हाम्रो सहर बाहिर छाउनी हालेका छन् ।
के तिमीहरूले मलाई तिरस्कार गरेर मेरा पिताको घरबाट निकाले का होइनौ र ? र अहिले तिमीहरूलाई आपद पर्दा मकहाँ आउँछौ ?
अम्मोनीहरूसँग लडाइँ गर्नुहोस् र गिलादमाथि शासक हुनुहोस् ।।
यदि मैले अम्मोनीहरूसँग लडेँ र तिनीहरूलाई मेरो हातमा सुम्पिदिनुभयो भने के साँच्चै म तिमीहरूका शासक होउँला ?
परमप्रभु नै हाम्रो साक्षी हुनुहुन्छ, तपाईं नै हाम्रो शासक हुनुहुनेछ ।
न्यायकर्ताहरू ११:१-११




न्यायकर्ताहरू ११:१२-२८


परमेश्वरको शक्तिद्वारा सुसज्जित भएर यिप्तह अम्मोनीहरूको सेनासित लड्न गए ।
परमेश्वरले तिनीहरूलाई कुनै विजय दिनुभएमा परमेश्वरलाई ठूलो मोलको केही थोक दिनेछु भनी भाकल गर्ने सेनापतिहरूको बीचमा एउटा चलन थियो ।
तर यिप्तहले एउटा मूर्खतापूर्ण भाकल गरे ।
यदि तपाईंले अम्मोनीहरूको विरुद्धमा मलाई विजय दिनुभयो भने म फर्कँदा मेरो घरको ढोकाबाट मलाई भेट्न जे निस्केर आउँछ, त्यसलाई म भेटीको रुपमा बलिदान गर्नेछु ।
यिप्तह र इस्राएलले लडाइँमा सफलता पाए ।
इस्राएलको हातमा बीस वटा सहरहरू आए ।
यिप्तह र सेनाहरू विजयी भएर घर फर्के ।


....उनकी एक मात्रै छोरी उनलाई भेट्न निस्की ।
नाइँ !!!
मेरी छोरी–तिमीले मलाई अत्यन्तै दुःखी बनाएकी छेउ ।
किनकि मैले परमप्रभुसित एउटा भाकल गरेको छु जसलाई म तोड्न सक्दिनँ ।
हजूरले परमप्रभुलाई वचन दिइसक्नुभएको छ ।
उहाँले हजूरका शत्रुहरू अम्मोनीहरूसँग बदला लिनुभएको छ ।
मेरो एउटा अनुरोध पूरा गरिदिनुहोस् ।
मलाई दुई महिनाको निम्ति मेरा सहेलीहरूसित डाँडाहरूमा जान दिनुहोस् र विलाप गर्न दिनुहोस् किनकि म कहिल्यै विवाह गर्दिनँ ।
अनि इस्राएलमा एउटा प्रथा चल्यो, हरेक वर्ष वर्षको हरेक चार दिन इस्राएलका छोरीहरू गिलादी यिप्तहकी छोरीका निम्ति विलाप गर्न जान्थे ।
न्यायकर्ताहरू ११:३४–३९



यी त हाम्रा आफ्नै मानिसहरू हुन् ।
एफ्राइमका मानिसहरू ।
हामीलाई नबोलाइकन किन तिमीहरू अम्मोनीहरूको विरुद्धमा लड्न गयौ ?
हामी तिमीलाई तिम्रो घर समेत जलाइदिनेछौं ।
मैले बोलाएको थिएँ तर जब तिमीहरूले सहायता गरेनौं, तब आफ्नो ज्यान जोखिममा र खेर म अम्मोनीहरूको विरुद्धमा लड्न गएँ ।
तिमी गिलादीहरू विश्वासघातीहरू हौ ।
यस पल्ट यिप्तह आफ्नै मानिसहरूको विरुद्धमा लड्न गए र विजयी भए ।
लडाइँपछि केही एफ्राइमीहरूले घर फर्कनको निम्ति नदी तर्ने प्रयास गरे ।
यिप्तहका मानिसहरूले तिनीहरूको वास्तविकता पत्ता लगाउन एउटा उपाय रचे ।
न्यायकर्ताहरू १२: १-५




न्यायकर्ताहरू १२:५-१५